नेपाल सरकार

**अर्थ मन्त्रालय**

# प्रेस विज्ञप्ती

आज मिति २०७० साल फागुन १९ गते सोमबार (तदनुसार मार्च ३, २०१४) मा एशियाली बिकास बैंकका नेपाल भ्रमणमा रहेका कार्यकारी निर्देशकहरुको समूहले माननीय अर्थ मन्त्री डा.रामशरण महतसँग अर्थ मन्त्रालयमा शिष्टाचार भेटघाट गऱ्यो ।

भेटघाटको क्रममा माननीय अर्थमन्त्री डा.महतले उक्त टोलीलाई स्वागत गर्दै वोर्ड सदस्यहरुको भ्रमणको लागि नेपाल चयन गरी नेपाल आएकोमा हार्दिक धन्यवाद समेत व्यक्त गर्नुभयो । उहाँले एशियाली विकास बैंक र नेपाल वीचमा स्थापना कालदेखि नै सौहार्दपूर्ण सम्वन्ध कायम रहँदै आएको कुरा स्मरण गर्नुभयो । भर्खरै संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भई नयाँ सरकार गठन भएको सन्दर्भमा यो सरकार प्रति जनताको अपेक्षा धेरै रहेको कुरा समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा माननीय अर्थमन्त्री डा.महतले नेपालको भौगोलिक बिकटताको कारणले औषत लागत बढी लाग्ने गरेको यथार्थतर्फ जोड दिंदै हालसम्म सामाजिक क्षेत्रमा भएको उत्साहजनक प्रगतीको व्याख्या गर्दै अव आउने दिनमा सडक, उर्जा जस्ता भौतिक पूर्वाधारहरुमा लगानी बृद्धि गर्नका लागि बैदेशिक सहायता अपरिहार्य रहेको वास्तविकता प्रतिनिधि मण्डल समक्ष राख्नु भयो ।

सो भेटघाटमा एशियाली विकास बैंकका कार्यकारी निर्देशकहरुले नेपालमा हालै सम्पन्न निर्वाचन र नयाँ सरकारको गठन भएको सन्दर्भमा ADB ले यो भ्रमणलाई महत्वका साथ लिएको धारणा व्यक्त गरे । साथै उक्त टोलीले सन् २०२२ सम्ममा नेपालले विकासोन्मुख मुलुक हुने लक्ष्य राखेको सन्दर्भमा उक्त लक्ष्य हाँसिल गर्नको लागि सरकारी क्षेत्रको लगानीको अलावा निजी क्षेत्रको लगानीको लागि लगानी मैत्री सवल वातावरणको आवश्यकता रहने कुरामा जोड दिनुभयो । प्रतिनिधि मण्डलले आगामी दिनहरुमा बैंकको सहयोग निरन्तर रहने विश्वास समेत दिलाउनु भयो ।

भेटघाटको क्रममा माननीय अर्थमन्त्री डा.महतले बैंकले नेपाललाई प्रदान गर्ने सहायता कार्यसम्पादन नतिजामा आधारित हुने गरेको र हालै एशियाली विकास बैंकले नेपालको क्षमता बढेको भनी अनुदानको अंश कटौती गरी ऋण सहायता मात्र उपलब्ध गराउने जस्ता नीति लिएको सन्दर्भमा राष्ट्रको संक्रमणकालीन अवस्थालाई समेत ध्यान दिई नेपालको लागि नरम नीति अख्तियार गर्न अनुरोध गर्नुभयो ।

यस भन्दा अघि प्रतिनिधि मण्डलले अर्थ सचिव श्री शान्तराज सुवेदीको कार्यकक्षमा भेटघाट गरी आपसी सहयोगको विषयमा छलफल भएको थियो । सो क्रममा अर्थ सचिव श्री सुवेदीले नेपालको समष्टीगत आर्थिक परिसूचकहरुको स्थिती अनुकूल रहेको वताउदै चालु आर्थिक वर्षमा ५.५% आर्थिक बृद्धि हाँसिल हुने अपेक्षा व्यक्त गर्नुभयो । साथै अर्थ सचिव श्री सुवेदीले प्रतिनिधि मण्डलले बैंकको सहयोगमा संचालित आयोजनाहरुको स्थलगत अवलोकन गर्ने कार्यक्रम समेत रहेकोले बैंक प्रतिनिधिहरुलाई आयोजनाको कार्यान्वयन स्थिती बारे जानकारी समेत हुने कुरा वताउनु भयो । साथै नेपाल वसाइको क्रममा प्रतिनिधि मण्डलले मेलम्ची खानेपानी आयोजना, भैरहवा विमानस्थल तथा बैंकको सहयोगमा नेपालमा संचालित अन्य आयोजनाहरुको समेत स्थलगत अवलोकन गर्ने कार्यक्रम रहेको छ ।

ADB को ७ सदस्यीय प्रतिनिधि मण्डलका सदस्यहरुमा Mr. Mario Sander (Germany), Mr.Maliami Bin Hamad (Malaysia), Mr.Rene Legrand (Belgium), Mr. Iqbal Mahmood (Bangladesh), Mr.Richard Sisson (Australia), Ms. Christina Wedekull (Sweden) र Mr.Guoqi Wu (China) थिए । उक्त भेटघाटमा अन्तरार्ष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव र एशियाली विकास बैंकका नेपाल निर्देशकको समेत सहभागीता रहेको थियो ।

२०७० साल फागुन १९ गते ।